मिति २०८१/११/२६ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट -७ | |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | |
| २० | श्री गंगा बहादुर घले | स.ले.अ. | गा.पा.का. | |
| २१ | श्री तेज माया गुरुङ | स.क.अ. | गा.पा.का. | |

*मिति २०८१/११/२६ गाउँ कार्यपालिका बैठक निर्णय*
*आ.व २०८१/०८२ बैठक संख्या ११*

**<u>प्रस्तावहरु:</u>**

१. समीक्षा सम्बन्धमा |
२. पोषणमैत्री गाउँपालिका कार्यक्रम सम्बन्धमा |
३. मुख्यमन्त्री नव प्रवर्धन साझेदारी कार्यक्रम सम्बन्धमा |
४. सामाजिक सुरक्षा कोष सम्बन्धमा |
५. शहिद दिल बहादुर रम्तेल स्मृति दिवस कार्यक्रमको समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा |
६. विविध |

**<u>निर्णयहरु:</u>**

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजनाहरुको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो र उपाध्यक्ष मार्फत हालसम्मको योजनाको निरीक्षण र प्रगतिको बारेमा समेत कार्यपालिकालाई जानकारी गराइयो ।

**निर्णय नं. २)** आ.व २०८१/०८२ को (ब.उ.शि.नं.३६५००१०६) विशेष अनुदान अन्तर्गतको **पोषण मैत्री गाउँपालिका कार्यक्रम**को हालसम्मको प्रगति र कार्यतालिकाको विषयमा समीक्षा गरियो |

**निर्णय नं. ३)** आ.व २०८१/०८२ को मुख्य मन्त्री नव-प्रवर्धन साझेदारी कार्यक्रम अन्तर्गतको **ओखर खेती प्रवर्धन कार्यक्रम**को हालसम्मको प्रगति बारेमा समीक्षा गरियो |

**निर्णय नं. ४)** यस गाउँपालिका र मातहातका कार्यालय तथा विद्यालयमा कार्यरत कार्यालय सहयोगी र सवारी चालकहरुको यस आर्थिक वर्षको सुरुवातबाटै लागू हुने गरि नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक रु १७,३००/- (अक्षेरेपी सत्र हजार तीन सय) लाई आधारभूत पारिश्रमिक मानी सम्बन्धित कर्मचारीको ११% र गाउँपालिकाको २०% योगदान रहने गरी सामाजिक सुरक्षा कोषमा आबद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५)** २०८१ फाल्गुण १४ गते दिल बहादुर रम्तेल स्मृति दिवसको अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा आयोजित साहित्यिक गोष्ठी, वकतृत्वकला प्रतियोगिता तथा शहीद सम्मान कार्यक्रम भव्य रुपमा सम्पन्न भएको समीक्षा गर्दै सो कार्यक्रममा भएको कूल खर्च रु ७ लाख ६२ हजार अनुमोदन गर्ने तथा सो खर्च शहीद परिवार सम्मान कार्यक्रमका लागि विनियोजित रु ४ लाख, नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्राप्त भएको रु ३० हजार र अपुग हुने रु ३ लाख ३२ हजार रकम विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६) विविध ।**

क) सामाजिक विकास कार्यालय गोरखाबाट यस गाउँपालिकाको वडा नं ३ स्वाँरामा कार्यान्वायन हुने गरी सितागुफा प्रतिक्षालय निर्माणका लागि रु ५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयाँ) विनियोजन भएकोमा उक्त प्रतिक्षालय साविक स्वाँरा गाविस वडा नं २ हाल बारपाक सुलिकोट गाउँपालिका वडा नं ३ को कि नं १५१ सि नं ०९५- १२५८ को सार्वजनिक जग्गामा निर्माण गर्न लाभग्राही, स्थानीय नागरिक तथा सरोकारवालाहरुको आमसहमति र ३ नं वडा कार्यालयबाट सिफारिस समेत भई आएकोले सो सार्वजनिक जग्गामा उक्त प्रतिक्षालय निर्माण गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

ख) सामाजिक विकास कार्यालय गोरखाबाट यस गाउँपालिकाको वडा नं ४, सौरपानीमा कार्यान्वायन हुने गरी टुनिखोला देवी मन्दिर निर्माणका लागि रु ५,००,०००/- (अक्षेरेपी पाँच लाख रुपैयाँ) विनियोजन भएकोमा उक्त मन्दिर साविक सौरपानी गाविस वडा नं  वडा नं ६ हाल बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ कि नं ४७० सि नं  ०९५- ११७७ को सार्वजनिक जग्गामा निर्माण गर्न लाभग्राही, स्थानीय नागरिक तथा सरोकारवालाहरुको आमसहमति र ४ नं वडा कार्यालयबाट सिफारिस समेत भई आएकोले सो सार्वजनिक जग्गामा उक्त मन्दिर निर्माण गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

ग) बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ हुँडिफाँटमा निर्माणाधीन पालिकास्तरीय १५ शैय्या अस्पतालको प्रयोजनार्थ जग्गा आवश्यक परेकोले बारपाक सुलिकोट गाउँपालिका वडा नं ३ स्वाँरा बस्ने च्यान्टु गुरुङसेनी (नाप्रनं ५६०) को नाममा दर्ताश्रेस्ता कायम रहेको साविक सौरपानी गाविस वडा नं ५ हाल बारपाक सुलिकोट गाउँपालिका वडा नं ४ मा अवस्थित कित्ता नं ११३४ को क्षेत्रफल ७–५-०-१ मध्येबाट दक्षिण तर्फको ६-११-१-० क्षेत्रफलको जग्गा जग्गा प्राप्ति ऐन २०३४ बमोजिम यस गाउँपालिकाको नाममा प्राप्त गर्न मन्त्रीपरिषदको स्वीकृतीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।